# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।११।०३ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको ।**

-----------------------------------------------------

जिल्ला कृषि बिकास कार्यालय, तेह्रथुमका प्रा.स. हरि गोपाल आचार्यले अलैंचीको बिरुवा खरिद गरी कृषकहरूलाई बितरण गर्दा कमिशन दिने व्यक्तिलाई मात्र दिएको, कमिशन रकम गोप्य रुपमा दिनु पर्ने अनि बाँकी रकम बिलबाट लिने गरी लाखौं लाख रकम घोटाला गरेको र ईलामबाट बिरुवा ल्याउँदा र बिरुवा सम्बन्धित क्षेत्रमा पुऱ्याउंदा गाडी भाडासमेत घोटाला गरेको भन्ने उजुरी उपर अनुसन्धान हुँदा जिल्ला कृषि विकास कार्यालय, तेह्रथुमको आ.व. २०७२/०७३ को बार्षिक कार्यक्रमको तेस्रो चौमासिक लक्ष्यअनुसार अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना र कृषि प्रसार कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट कार्यक्रम सञ्चालन गर्दा झुट्टा बिल भरपाईको आधारमा भुक्तानीसमेत लिई सरकारी रकम हिनामिना गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को कसुर गरेकोले उक्त कार्यमा संलग्न रहेका देहाय बमोजिमका ४ जना राष्ट्रसेवक कर्मचारीहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई मिति २०७५/११/०२ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदावी |
|---|---|---|---|---|---|
| १. | मनोज कुमार यादव | प्रमुख | साविक जिल्ला कृषि विकास कार्यालय, तेह्रथुम | रु.१०,८६,७२५।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी |
| २. | हरि गोपाल आर्चाय | प्रा.स. | " | रु.१०,८६,७२५।- | " |
| ३. | डिल्ली प्रसाद आचार्यको | लेखापाल | " | रु.१०,८६,७२५।- | " |
| ४. | दुर्गा प्रसाद पौडेल | नायव सुब्बा | " | रु.५,४६,२५०।- | " |

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता